




उत्पत्ति २५:२३-२६, गन्ती २०:१४-२१


ओबदियाको नाउँको अर्थ "परमप्रभुका सेवक" हो र परमेश्‍वरले उनलाई एदोमको विनाश र परमेश्‍वरको भावी राज्यको एउटा दर्शन दिनुभयो ।
परमप्रभुबाट एउटा समाचार आएको छ ।
यहूदा, तिमीले एदोमको विरुद्धमा सेनाहरू पठाऊ र त्यसलाई नष्ट गर !
एदोम, तँ अग्लो चट्टानका धाँदाहरूमा बस्ने भएकोले तँ घमन्डी भएको छस् (१)
"म तँलाई त्यहाँबाट तल खसाल्नेछु," परमप्रभु भन्नुहुन्छ ।
सबै धनसम्पत्तिहरू लुटेर लगिनेछन् ।
(१) उचाइमा रहेको खोँच र चुचुरोहरूमा आफ्नो घर र राजधानी पेट्रा अवस्थित भएको कारणले एदोमीहरू आफूहरू अभेद्य छौँ भनेर विश्‍वास गर्थे ।
तेरा सबै मित्रराष्ट्रहरू तेरो विरुद्धमा लाग्नेछन्, एउटै बुद्धिमान मानिस पनि बाँकी रहनेछैन ।
शक्तिशाली सैनिकहरू पनि असहाय हुनेछ ।
तैँले आफ्नो भाइ इस्राएलप्रति गरेको व्यवहारको कारणले तँमाथि यो आइपर्नेछ ।
अब तेरा पापहरू प्रकट गरिनेछन्–तँ सदाको लागि नाश हुनेछस् ।
(२) एदोम राजाको राजमार्गमा अवस्थित भएको हुनाले तिनीहरूसित धेरै बुद्धिमान र ज्ञानी मानिसहरू थिए जो भारत, यूरोप र उत्तरी अफ्रिकाबाट आउने यात्रीहरूसित अन्तर्क्रिया गर्दै ज्ञान प्राप्त गर्थे ।


इस्राएललाई खाँचो परेको बेलामा तिमीहरूले त्यसलाई त्याग्यौ । जुन दिन आक्रमणकारीहरूले त्यसको सम्पत्ति खोसेर लगे र यरूशलेमलाई बाँडफाँड गरे, तँ टाढै उभिइस् ।
तिनीहरू परदेशी भएको दिनमा तैँले हेरिरहनु हुँदैनथ्यो ।
र त्यसको विपत्तिको दिनमा तैँले इस्राएललाई लुटिस् ।
तैँले दोबाटोमा उभिएर उम्कने खोज्नेहरूलाई समेत मारिस् ।
तैँले बाँचेकाहरूलाई पक्राउ गरिस् र तिनीहरूलाई शत्रुको हातमा सुम्पिदिइस् ।
तैँले जस्तो गरेको छस्, तँलाई पनि त्यस्तै गरिनेछ ।
तैँले मेरो कचौराबाट पिइस्, अब तेरो वरिपरिका अन्यजातिहरूले त्यसरी नै पिउनेछन् । तिनीहरू धरमराउनेछन् र इतिहासबाट हराउनेछन् । (१)
(१) यहूदाले तिनीहरूको पापको लागि अस्थायी दण्ड पाउनेथिए तर एदोम र अन्य जातिहरूले चाहिँ स्थायी दण्ड ।


तर परमेश्वरले छुटकारा पठाउनुहुनेछ।
इस्राएलले फेरि देश अधिकार गर्नेछन्।(१)
"एदोमबाट बाँचेको एउटै पनि हुनेछैन,"
परमप्रभुले भन्नुभएको छ।(२)
(१) यसको उल्टो तब हुनेछ जब ख्रीष्टले हजार वर्षको राज्य स्थापना गर्नुहुनेछ। अब्राहामलाई प्रतिज्ञा गरिएको सबै देश इस्राएलले पाउनेछ।
(२) एदोम र त्यसका मानिसहरू इतिहासबाट गायब भए।
नेगेवमा बस्ने मेरा मानिसहरूले एदोमको पहाडी देश अधिकार गर्नेछन्।
तिनीहरूले पलिश्ती बँसीहरू, एफ्राइमसामरियाका खेतबारीहरू र सारपतसम्मको देश अधिकार गर्नेछन्।
किनकि उद्धार गर्नेहरू यरूशलेममा आउनेछन् र समस्त एदोमलाई शासनध गर्नेछन्। अनि परमप्रभु राजा हुनुहुनेछ!
(३) इस्राएलको समयमा न्यायकर्ताहरू भएजस्तै हजार वर्षको राज्यको समयमा परमेश्वरले त्यस्तै अगुवाहरू खडा गर्नुहुनेछ।